# १० उडन्ता पुत्रले लगाउन पाएको नयाँ लुगाहरु

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* उत्पत्ति ४:१-८, उत्पत्ति २५:२५-३४, लूका १५:४-३२, यूहन्ना ११:९,१०, रोमी ५:१२-२०।

*__स्मरण गर्नुपर्ने पद:__* " 'तर हामी खुशी भएर धुमधामसँग उत्सव मनाउनुपर्दछ। तिम्रो भाई मरेको थियो। अब उनी फेरि जीवित भयो। उनी हराएको थियो। अब उनलाई भेट्टाइएको छ।'" (लूका १५:३२ रूपान्तरित)।

विश्वविख्यात साहित्यकार डब्लु समरसेट मोहमले एक छोटो कथा लेखेका थिए। त्यस कथाको नाम थियो, "आकाशको वर्षा"। यो एक जना प्रचारकको कथा थियो। उनी साउठ सी अर्थात् दक्षिण समुद्रमा रहेका टापुहरूमा सुसमाचार प्रचार गर्न गएका थिए। त्यहि क्रममा उनले एक जना वेश्यालाई "इसाई" बनाएका थिए। त्यस स्त्रीको मन जीत्न त्यस प्रचारकले आफ्नो हृदय, आत्मा र दिलोज्यान लगाएका थिए। तर कहिलेकाहिँ त्यस प्रचारकको उपाय कठोर र क्षमा दिन नमिल्ने खालको थियो। उदाहरणमा त्यस प्रचारकले त्यस बेश्यालाई अमेरिका फर्कन आग्रह गर्दथे तर ती वेश्या अमेरिकाबाट झ्यालखानामा पर्नबाट जोगिन भागेकी थिइन्। अमेरिकामा उनको अपराधको निम्ति जेलको सजायँ तोकिएको थियो। तर त्यसलाई पूरा नगरी उनी भागेकी थिइन्। त्यस सजायँलाई पूरा गर्न प्रचारकको जोड थियो। आफ्नो जीवन पश्चाताप गरी येशूमा समर्पण गरेको छ भनेर देखाउन त्यस वेश्यालाई अमेरिकामा फर्कन प्रचारकले वाध्य तुल्याएका थिए।

तर कथाको अन्त अपेक्षा अनुसार नभइ अचानक बियोग तरिकाले भएको थियो। त्यो प्रचारकले आत्महत्या गरेको पाइयो। उनको छिया छिया भएको शरीर समुद्रको किनारमा पाइएको थियो। के भयो त? त्यस प्रचारकले वेश्यासँग सबै समय बिताउँदा उनी पनि त्यहि वेश्याको पापमा सँलघ्न हुनपुगेका थिए। आफूले आफूलाई क्षमा दिन नसकेकोले त्यस प्रचारकले आत्महत्या गरे।

ती दुवै प्रचारक र वेश्यालाई चाहिने तत्व हामी पापी भएको कारणले सबैलाई चाहिएको छ। प्रभु येशूले दिनुभएको उडन्ता पुत्रको नितिकथाको अनुसार हामी सबैले व्यक्तिगत रूपमा परमेश्वरको अनुग्रह र उहाँले दिनुहुने प्रतिज्ञाको प्रत्याभूति पाउन जरुरत छ।

## १. त्यहि आमाबाबु, त्यहि खाना (लूका १५:१२)

“ ‘एक जना बाबुका दुई छोराहरू थिए।’" (लूका १५:११ रूपान्तरित)। यस नितिकथामा भनेको अनुसार ती दुई छोराहरू एउटै बाबुका भएतापनि फरक फरक चरित्र अर्थात् ढङ्गका थिए। हेर्दा जेठो छोरो बफादारी, विश्वासिलो र कडा परिश्रमी थियो। तर कान्छो छोरो अल्छी थियो। कुनै काम गर्न उनलाई जाँगर थिएन। उसले कुनै उत्तरदायित्व वहन गर्न चाहेका थिएन। कान्छो भएर पुलपुले भएकोले होला उनको बाल्यकाल खेलेरमात्र बितेको थियो होला। दुबै छोराहरू एउटै परिवारमा हुर्केका थिए। बाबुबाट त्यहि प्यार र स्नेह पाएको हुनुपर्दछ। तर एउटा छोरो कुलिन तथा विश्वासीलो भएको देखिन्थ्यो भने अर्को चाहिँ रबाफिलो र नामर्द तथा आदरहिन। केले गरेर त्यहाँ भिन्नता आयो?

बाइबलमा यस्तै अरू कथाहरू पनि छन्। हेर्नुहोस्ः उत्पत्ति ४:१-८, उत्पत्ति २५:२५-३४।

परिवारमा यस्तो छोराछोरी हुनु कुनै अनौठो कुरो होइन। एउटै आमाबाबुका छोराछोरीहरू त्यहि घरमा रहन्छन् र हुर्कन्छन्। त्यहि ज्ञान, प्यार, स्नेह, स्याहारसुसार र खाना पनि पाएका हुनसक्छन्। तर एक जना धार्मिक प्रवृति भएको, विश्वासीलो र परमेश्वरको सेवा गर्न मर्द व्यक्ति हुन पुग्छन् भने अर्को ठिकै उल्टो मार्गमा चलेको। हो, यो किन भयो भन्दा बुझ्न कठिन त छ, तर यसले यथार्थमा इच्छाशक्ति तथा आत्मनिर्णयलाई चुन्ने अधिकार सबैमा छ भन्ने ज्वलन्त उदाहरण देखाउँछ। कान्छो छोरोले जे गऱ्यो किन गऱ्यो भन्ने कुरोलाई कसलाई थाहा छ र?

कान्छो छोरोले आफ्नो अंशको भाग माग्दा बाबुलाई के भयो होला? त्यसबाट हामीले के पाठ सिक्नसक्छौं (लूका १५:१२)? परमेश्वरले हामीलाई कुन रूपमा हेर्नुहुन्छ भन्ने तथ्यलाई यस कथाले कसरी देखाउँछ?

बाबु र कान्छो छोरोको बिचमा के कुराकानी भयो भनेर उपरोक्त पदले उल्लेख गरेका छैन। न त बाबुले छोरोलाई त्यसो नमाग्नु भनेर अनुरोध नै गरेको पाउँछौं। आफ्नो मागलाई फेरि सोच्नु भनेर बाबुले भनेको पनि पाउँदैनौं। हुनसक्छ बाबुले छोरोलाई त्यत्ति छिट्टो अंशवन्दामा नफस्न भनेका थिए। हुनसक्छ छोरोले बाबुको कुरालाई केहि बिचार पनि गरेको होला। तर अन्तमा छोरोलाई पैतृक सम्पत्तिको अंश बाँडेको पाउँछौं (लूका १५:१२ रूपान्तरित)। अनि कान्छो छोरोले आफ्नो सबै पैतृक सम्पत्ति बेच्दछ र पैसाको कुम्लो बोकी बिदेशमा पलायन हुन्छ। सारा बाइबलले यहि सुत्रलाई अंगालेको पाउँछौं: प्रत्येक मानिसलाई आत्मनिर्णयको अधिकार परमेश्वरले सुम्पिनुभएको छ। जुन बाटो जान चाहन्छ, जुन तरिकाले जीउन चाहन्छ त्यसलाई परमेश्वरले रोकेको पाउँदैनौं। तर हामीले रोजेको बाटोको परिणाम अपेक्षा अनुसार सधैं भएको पाउँदैनौं। जे रोज्छौं त्यसको फल हामीले नै पाउँछौं।

के तपाईंले बिना सोचबिचार तथा प्रार्थना नगरी केहि निर्णय स्वतन्त्र रूपमा गर्नुभएको छ? प्रायजसो त्यसको परिणाम कस्तो थियो?

## २. उहाँका पखेटाहरू फिजाउँदै (लूका १५:१३-१९)

एक जना जिद्दीवाल छोराले आफ्ना सामानहरू झोलामा राखेर निस्कन्दै गरेको बाबुले त्वाल्ल परेर हेरिरहनुपरेको कुराको चित्रण गर्नुहोस्। हुनसक्छ त्यस बाबुले स्नेहपूर्वक आफ्नो छोरो कहाँ गइरहेको, के काम खोज्न गइरहेको र कुन भविष्यमा ऊ चलिरहेको छ भनेर सोधे होला तर छोरोको जवाफ के थियो होला कसैलाई थाहा छैन। जे जवाफ पाएतापनि बाबुको निम्ति चित्तबुझ्दो नभएको हुनसक्छ। घरलाई पछाडी राखेर रमाइलो गर्न त्यस छोरो अघि बढ्दै थियो।

रमाइलो गर्न किन अग्रसर नहुने? छोरो जवान थियो र साहसिलो काम देखाउन उत्सुक थियो होला। आफूसँग प्रसस्त पैसा खर्च तयार थियो र संसारका हाउभाउ हेर्न ऊ तयार थियो। बाहिरी संसारले दिने मोजमज्जा र रमाइलो भन्दा घरका खेतबारी र पशुलाई हेर्ने काम राम्रो थिएन।

रमाइलो गर्न गएको छोरोको हालत के भयो भनेर हामीले पढ्छौं। आफ्नो बेहाल देख्दा त्यस छोरो पछुताव गरेको थियो। त्यो पछुताव कस्तो थियो? हेर्नुहोस्ः लूका १५:१३-१९। के उसले हृदयदेखि पश्चाताप गरेको थियो की? के उस्ले आफूले गरेको कुकृत्यप्रति साँच्चिकै पछुताव गरेको थियो की? वा आफ्नो कामको परिणामले गर्दा उसले पछुताव गरेको थियो? ती पदहरूले के खुलाउँछन् जसले ती प्रश्नका जवाफहरूलाई स्पष्टरूपमा पार्दछन्?

यदि उडन्ता पुत्रको जीवन सफल भएको भए त्यस कथाको अन्त कस्तो हुने थियो होला भनेर सोच्न गाऱ्है हुन्छ। यदि छोराले आफ्ना पैसा ठिकै ठाउँमा लगानी गरेर पैसाको प्रवाह नरोकी

मोजमज्जामै बिताएको भए के हुने थियो? शायद ऊ घुँडा टेक्दै आफ्नो बाबुकहाँ आउनुपर्ने थिएन होला, पर्छ होला त? कति पटक हामी पनि हाम्रा नराम्रा कामले हामीलाई पछुतो लागेको होलान् तर पापको कारणले होइन तर हाम्रो पापको परिणामले गर्दा हामीलाई भएको हानीको कारणले? यदि कुनै यौन रोग जस्तै भृङ्गी, पिसावभित्र हुने घाउ, यचआईभी वा एडस् रोग लाग्दा कुन अनैतिक व्यक्तिले पछुताव गर्दैनन् होला?

तर त्यस युवकलाई के भयो जसले गर्दा उनी पछुताव भयो? आफू भिषण परिस्थितिमा पुगेको कुरा त्यस युवकले महशूस गरेकोमा कुनै प्रश्न छैन। यसले गर्दा उनको मनस्थितिमा परिवर्तन ल्यायो वा मनोक्रान्ती भयो। यदि सबै कुरो राम्रो भएको भए त्यस युवक त्यस स्थितिमा पुग्ने थिएन। आफ्ना पिता र परमेश्वरको बिरुद्धमा पाप गरैं भन्ने बिचारले उनको हृदयलाई खुलाउँछ। आफ्ना बाबुलाई जुन वचन बोल्ने भनेर उनले निधो गरेको थियो, त्यसले त्यस युवकले देखावटी होइन तर मनैदेखि पछुताव गरेको थियो भनेर देखाउँदछ।

कहिलेकाहिँ हाम्रा पापहरू कस्ता घिनलाग्दा रहेछन् भनेर देखाउन नराम्रा परिणामको आवश्यता हुनसक्छ अनि मात्र हामीले हाम्रा कुकृत्यहरूलाई छर्लङ्ग देख्दछौं। हाम्रा पापको परिणामले मात्र नभएर हाम्रै पापको कारणले दुःखकष्ट भोग्नुपर्दा यस्तो स्थिति पैदा हुनसक्छ। तपाईं कुन परिस्थितिको सामना अहिले गरिरहनुभएको छ? आत्मआलोचना गर्नुहोस्। अहिले नै पापबाट पन्छिएर किन नबस्ने? पापले गर्दा ल्याउने शोक र पछुताव गर्नुपर्ने परिस्थितिबाट आफू वचन अघि नै किन बुद्धी नपुऱ्याउने?

## ३. तपाईं फेरि घर फर्कन सक्नुहुन्छ (लूका १५:४-१०)

सन् १९००को दशकमा अमेरिकाको थोमास उल्फ भन्ने साहित्यकारले एक प्रख्यात पुस्तक लेखेका थिए। त्यस पुस्तकको

शिर्षक थियो, *यु कान्त गो होम एगेन* अर्थात् तिमी अब घर फर्किन सक्दैनौं। त्यसमा एक जना मानिसको बारेमा चित्रण गरिएको छ। ती मानिस गरिब थिए र दक्षिण भेगमा भएका आफ्ना घरपरिवार छोडेर न्यु योर्क शहरमा जान्छन्। त्यहाँ उनी लेखक भएर नाउँ कमाउँछन्। अनि उनी घर फर्कन खोज्छन्, तर त्यो सजिलो थिएन। किन भन्दा किताबको शिर्षकले नै बताउँदछ।

उडन्ता पुत्रको कथामा कसले आफ्नो बाबुसँग मिल्न लामो यात्रा गर्दछन्? लुका १५:४-१०मा उल्लेखित हराएको भेँडा र हराएको सिक्का नितिकथाको तुलनमा उडन्ता पुत्रको कथा कसरी फरक छन्? यहाँ देखाएको भिन्नता कतिको महत्वपूर्ण भएको होला?

हराएको भेँडा र हराएको सिक्काको कथामा हराउने वस्तुहरूलाई आफू हराएका छन् भन्ने ज्ञान थिएन। र तिनीहरूले कोशिष गरेपनि आफ्ना मालिकहरूकहाँ फर्कन सक्ने थिएन। तर उडन्ता पुत्र सत्यदेखि तर्केर गएको थियो। जब ऊ अन्धकारमा फस्यो (यूहन्ना ११:९,१० पनि पढ्नुहोस्) तब मात्र आफू कसरी हराइएको भन्ने उसलाई महशूस भयो। सारा मुक्तिको इतिहासमा परमेश्वरले त्यस्ता मानिसहरूसँग व्यवहार गर्नु परेको थियो जसले उहाँलाई चिनेका थिए तैपनि आफ्नै बाटोमा लागेका थिए। तर, परमेश्वर अझै पनि सम्पर्कमा रहन चाहनुहुन्छ भनेर यस उडन्ता पुत्रको कथाले बताउँछ। उहाँलाई पिठ्युँ फर्काउनेसँग उहाँ फेरि मिल्न चाहनुहुन्छ। यो नै हाम्रो निम्ति सुसमाचार हो। तर एउटै शर्तमा, त्यो हो, जसरी उडन्ता पुत्रले आफैले निर्णय गरेर फर्केर आयो, त्यसरी नै सबै मानिसहरूले स्वइच्छाले परमेश्वरकहाँ फर्केर आउनुपर्दछ। यो प्रक्रिया हामी सबैको निम्ति हो।

ती नितिकथाहरूका पृष्ठभूमी पनि घतलाग्दो छन्। लूका १५:१,२ पढ्नुहोस्। फेरि ती कथा येशूले भनिरहेको बेलामा कस्ता मानिसहरूले सुनीरहेका थिए, त्यो पनि बिचार गर्नुहोस्। त्यसमा हामी सबैलाई अत्यन्त प्रभावकारी सन्देश के छ सो पनि सोच्नुहोस्। ती कथाहरूमा येशूले यूगको अन्त्यको बारेमा भनीरहनुभएको पाउँदैनौं, न

त पश्चाताप नगर्ने पापीहरूको गति के हुन्छ। तर पापको भण्डारमा पुरिएकाहरूलाई परम पिता परमेश्वरले आफ्नो प्रेम कसरी देखाउनुभएको छ भनेर येशूका ती नितिकथाहरूले स्पष्ट गरेको पाउँछौं।

दिक्क भएर परमेश्वरबाट फर्किएर गएको मानिसहरूको बारेमा के तपाईँलाई थाहा छ? उडन्ता पुत्रले कष्ट पाएर पिताको प्रेम सिकेको थियो। त्यो प्रेमको प्रत्याभूति नहुनेहरूको निम्ति प्रार्थना गर्न के जरुरत छैन र?

## ४. अत्यन्त दामी पोसाक (लूका १५:२०-२४)

आफ्ना कामदारहरूलाई सब भन्दा असल पोसाक ल्याउनु र लगाई दिनु भनेर बाबुले खटाएका थिए। सब भन्दा असल भन्ने प्रयोग गरेको ग्रीक शब्द (प्रोटोस्)को अर्थ पहिलो वा अत्यन्त उत्तम भन्ने जनाउँछ। हराएको छोरालाई आफूसँग भएको सबभन्दा असल वा दामी ठोक जे छ त्यो बाबुले दिएको हामी पाउँछौं।

त्यसको अर्थलाई पनि सोच्नुहोस्। छोरो अत्यन्त नाजुक अवस्थामा परिरहेको थियो। कतिसमय सम्म थियो, त्यो हामीलाई थाहा छैन। गरिबी अवस्थामा झरेको हुनाले उसका लुगाहरू झुत्रेझाम्रे नै थिए होला भन्न सक्छौं। हाम्रो परिवेशमा सुँगुरलाई हेरचाह गरेर बस्नेको लुगा कस्तो होला ! बाबुले अङ्कमाल गरेको बेलाको लुगा र नयाँ पोसाक लगाएको बेलाको अवस्था कस्तो बिपरित थिए होला त्यो सोचनिय कुरो हो। (यो पनि ख्याल गर्नुहोस्, छोराले पहिला आफू सफा भएर बाबुको शरणमा पर्न पनि बाबुले पर्खेका थिएनन्)।

बाबु र छोरोको बिचमा भएको पुनर्मिलन पूर्ण थियो भनेर यसले बताउँदछ। येशूको धार्मिकताको पोसाक जस्तै छोरोले लगाउन पाएका दामी लुगालाई सोच्यौं भने छोरोलाई त्यो भन्दा अर्को के चाहिएको थियो त? उडन्ता पुत्रले पश्चाताप गरेको थियो, आफ्नो भूल स्विकार

गरेको थियो र आफ्नो ढिपीबाट ऊ फर्किएको थियो। बाँकी सबै बाबुले गरे। यो नै मुक्तिको सिद्ध प्रतिक हो।

यहाँ फेरि अर्को घतलाग्दो कुरो छ। त्यहाँ बाबुले "तिमीलाई मैले भनेकै थिएँ" भनेर औंला ठड्याएको पनि पाउँदैनौं। त्यसको आवश्यकता थिएन, थियो त? पापले आफ्नो ज्याला कमाउँछ। यदि कोहि मानिस पापबाट फर्केपछि तिनीहरूलाई औंला नठड्याई कसरी हाम्रो समूह तथा मनमा समावेश गराउने? के उनीहरूलाई फेरि गाली गर्नु उचित छ त? यस्तो प्रवृत्तिबाट हामी कसरी जोगिने?

## ५. बाबुका आफ्नै पोसाक (लूका १५:२२-२४)

आफ्नो पुस्तक क्राइस्ट अबजेक्ट लेसनस्, पृ. २०३,२०४मा एलेन जी ह्वाइटले यस उडन्ता पुत्रको कथामा एक घतलाग्दो विवरण प्रस्तुत गर्नु भएको छ। ती बिवरण लूकामा त दिइएको छैन, तर व्यवहारिक मानविय कल्पना गर्दा उचितै देखिन्छ। जब शिर झुकाउँदै छोरो घरमा फर्कन्छ तब बाबु कसरी हतार हतारमा छोरोकहाँ पुगे भनेर एलेन जी ह्वाइटले अनुमान गर्नुहुन्छः "छोरोको झुत्रे झाम्रे लुगालाई बाबुले ख्याल गर्दैन। बाबुले आफूले नै ओढिरहेका ठूलो र दामी पोसाकले छोराको कमजोर जीउमा गुटमुटाइ दिन्छन्। अनि छोरोले सुँक्क सुँक्क गर्दै पछुताव गर्दै बाबुलाई भन्छन्, 'बुबा, मैले परमेश्वरको र तपाईंको नजरमा पाप गरें। म तपाईंको छोरो भन्न योग्य छुइन।' बाबुले अंगालो मार्दै घरमा ल्याउँदछन्। कामदारहरू सरह नियुक्ति गर्न अनुरोध गरेको कुरालाई छोरोले बाबुलाई भन्न पाउँदैन। जे भएतापनि छोरो त आफ्ने त हो। घरमा भएको उत्तम चिजले सम्मान गर्नु बाबुले उचित ठान्छन्। र त्यस छोरोलाई आदर गर्नु र त्यसको सेवा गर्नु भनेर घरका सबै कामदारहरूलाई अऱ्हाउँछन्।

"बाबुले कामदारहरूलाई अऱ्हाउँछन्, 'छिट्टो गर ! घरमा भएको सबभन्दा दामी पोसाक ल्याउ र उसलाई लगाइ देऊ। उसको औंलामा

औँठी लगाई देऊ र उसको खुट्टामा जुत्ता लगाइ देऊ। सब भन्दा मोटो पाडोलाई ल्याउ र मार। ठूलो भोज गरौं र उत्सव मनाऔं। यो मेरो छोरो मरेको थियो। अब ऊ जीवित भएको छ। यो हराएको थियो, र अब भेट्टाइएको छ।' बाबुको चाहना अनुसार तिनीहरूले खुशियाली मनाउन थाले (लूका १५:२२-२४ रूपान्तरित)।–रूपान्तरित।

त्यस कथामा के बहुमूल्य तात्विक ज्ञान हामीलाई दिइएको छ? यथार्थमा परमेश्वरको चरित्रलाई यहाँ कसरी चित्रण गरिएको छ?

छोरोको लाज र भूललाई तुरन्तै छोप्न बाबु उत्सुक भएका थिए। अरूको र आफ्नै विगत भूललाई कसरी बिर्सनुपर्छ भनेर सिकाउन यो अत्यन्त ज्वलन्त उदाहरण हो। कतिपय असाध्य घिनलाग्दा पापहरूलाई अहिले थाहा नपाओला। तर एक दिन त्यो हामीलाई देखाइनेछन् (१ कोरन्थी ४:५)। तैपनि पावलले जस्तो बिगतको कुरालाई बिर्सेर अघिको भविष्यमा आँखा लगाउँदै जानु येशूभक्तको आवश्यकता हो (फिलिप्पी ३:१३,१४)।

आफ्नो छोरो मरेको थियो र अब जीउँदो भयो वा पुनर्जीवित भयो भनेर बाबुले भन्नुको अर्थ के हो (लूका १५:२४)? यो अत्यन्त कडा शव्दलाई हामीले कसरी बुझ्ने?

अन्तमा, मुक्तिको बिषयमा मध्यम मार्ग भन्ने छैन। जब युगको अन्तमा सबै एकत्रित हुनेछन् (प्रकाश २१:५), सैतानसँग भएको युद्ध समाप्त हुनेछ तब मानिसहरू अनन्त युगसम्म जीवित रहनेछन् वा अनन्त समयको निम्ति अन्त्य हुनेछन्। कोहि पनि मध्यम मार्ग अपनाएर अनन्त जीवनको हकदारी हुनसक्दैनन्। परम पिता परमेश्वरको प्रेमलाई चुन्ने वा नचुन्ने, त्यसको निर्विकल्प छैन।

प्रत्येक दिन हामी निर्णयको घडिमा छौं। हराएको छोरोले जस्तो हामी पनि असललाई चुन्ने वा खराबलाई चुन्ने भन्ने कुरा हाम्रो अगाडि क्षण क्षणमा आइरहेका हुन्छन्। यो सोचनिय कुरो हो। मनलाई

सम्हालेर कतातिर लैजाने, त्यो निर्णयको अधिकार हामीमा नै निहित गरिएको छ।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटका यी सामग्रीहरू पढ्नुहोस्ः *क्राइष्ट अबजेक्ट लेसनस्,* पृ. १९८-२११को "ए गल्फ फिक्सड" र पृ. ४९६को "लस्ट एण्ड फाउन्ड", *द डिजायर अभ एजेज्,* पृ. ४९५, ४९६को "द लास्ट जर्नी फ्रम गालिली" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ३को "पाराबल्स अभ द लस्ट"।

"आफ्ना जनहरूप्रति परमेश्वर कतिको लचिलो, भद्र, शिष्ट र करुणामय हुनुहुन्छ, उहाँको यस्तो स्वभाव कस्तो हो, सोच्नुहोस्। यताउता भौंतारिएका र हराइएका छोराछोरीहरूलाई उहाँले ममता, स्नेह र प्रेम देखाउनुहुन्छ र उहाँकहाँ फर्कन आह्वान गरीरहनुहुन्छ। पछुताव गरेको छोरालाई बाबुले आफ्ना पाखुराहरूले लपेद्छन्। उसको झुत्रोझाम्रे लुगालाई बाबुको लुगाले छोप्दछ। राजकिय परिवारको सदस्यलाई जस्तै त्यस छोरोको औंलामा औंठी लगाइ दिन्छन्। तर कतिपय मानिसहरूले ती हराएको छोरोको व्यवहारप्रति रुष्ट र वाक्क भएको हामी पाउँछौं। फरिसी अर्थात् धर्मको पहिरण ओढ्ने धर्मगुरुहरूले जस्तै तिनीहरूले भन्छन्, "हे परमेश्वर म तपाईंलाई धन्यबाद दिन्छु, किनकि म अरू जस्तो मानिस होइन (लूका १८ः११ रूपान्तरित)।" यस नितिकथामा उल्लेख गरिएको जेठो दाजुको साथमा उभिनेहरूको बारेमा परमेश्वरले कस्तो सोच्नु हुन्छ होला? के तपाईंलाई थाहा छ? के तिनीहरू जिद्दीवाल र स्वार्थी पनि छन् त?"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स्,* पृ. १४०बाट रूपान्तरित।

"येशूमा आस्था राख्ने प्रत्येक विश्वासीलाई शक्ती र अनुग्रह ख्रीष्टले दिनुभएको छ। परमेश्वरका स्वर्गदूतहरूले ती गुणहरूलाई बिश्वासीकहाँ पुऱ्याउँछन्। जुन मानिसहरूको निम्ति येशू मर्नुभयो,

तिनीहरूको कुनै पनि पाप यस्तो भयङ्कर हुँदैन जसले उहाँको शक्ति, शुद्धता र धार्मिक तथा पवित्र जीवनको उपभोग गर्न सक्दैन। पापले गर्दा प्रदुषित र दागै दागले भरिएको हाम्रा लुगाहरूलाई फेरेर उहाँको धार्मिक अर्थात् पवित्र पोसाक पहिऱ्याइदिन येशू वढो उत्सुकतापूर्वक पर्खिरहनुभएको छ। हामी जीउन् तर नमरून भन्ने येशूको निर्देशन हामीलाई दिइएको छ।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइष्ट,* पृ. ५५,५६।

**चिन्तनमननः**

१. एउटै घर परिवार र वातावरणमा हुर्केका छोराछोरीहरू कसरी फरक चरित्र भएर फरकै आत्मिक दिशामा हिंडछन् भन्ने कुरामा चर्चापरिचर्चा गर्नुहोस्। यसलाई हामीले कसरी बुझ्ने?

२. मानौं हाम्रै अगाडि त्यस्ता मानिसहरू छन् जो परमेश्वरबाट तर्किएर गए, जीवनलाई जे मन लाग्यो त्यहि गरेर र आफ्नो जीवनलाई तहसनहस गरेकाछन्। तिनीहरूले विगतका जीवनलाई बिर्सन चाहन्छन् तर सक्दैनन्। विगतमा गरेका निर्णयहरूले तिनीहरूको मुखको अगाडि ट्वाल्ल परेर हेरिरहेकाछन् रे। यस्ता मानिसहरूलाई तपाईंले के आशा, प्रतिज्ञा, परमेश्वरको सदाशयता दिन सक्नुहुन्छ? के त्यस्ता मानिसहरूलाई बिना पुर्वाग्रह सहायता गर्न तत्पर हुनुहुन्छ?

३. हराएको छोरोले जस्तै तपाईंको जीवन पनि तपाईंले तहसनहस पारिसक्नुभएको छ भनेर महशूस गर्नु एक पक्ष हो। तर आफ्ना बाबुको घर छोडेर फलिफाप भएको बारेमा तपाईं के भन्नुहुन्छ? इमान्दारीतासाथ

बिचार गरौंः परमेश्वरलाई त्याग्ने प्रत्येक मानिस सुँगुरलाई चराउने स्थितिमा पुगेका हुँदैनन्। यद्यपी, तिनीहरूले गलत बाटोमा हिँडिरहेकाछन् भनेर बुझाउन तपाईं के गर्न सक्नुहुन्छ?